# जीतपुरसिमरा उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
जीतपुर, बारा
प्रदेश नं. २, नेपाल

पत्र संख्या: ०७६/७७
चलानी नं.:- ४२२२

मिति: २०७७/०३/१६

श्री वडा कार्यालय सबै,
जीतपुरसिमरा उ.म.न.पा., जीतपुर, बारा, प्र.२.

विषय :- सुझाव पेश गर्ने सम्वन्धमा।

प्रस्तुत विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाण्डौंबाट जारी ६१ बुँदे निर्देशिका ताहाँ प्राप्त भएकै छ। सो सम्वन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.४१० प.सं.०७६/०७७ मिति २०७७/०३/०९ को पत्रवाट सुझाव माग भै आएको हुँदा यसै पत्रसाथ संलग्न ढाँचा वमोजिम सुझाव कार्यान्वयन उपलब्ध गराइदिनुहुन अनुरोध छ।

२०७७/०३/१६

नपेन्द्रराज खरेल
अधिकृत (सातौं)

Scanned with CamScanner

नेपाल सरकार
# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(सूचना तथा प्रविधि शाखा)

पत्र संख्या : ०७६/०७७
चलानी नं. : ४90

मिति : २०७७।३।९

विषयः स्थानीय तहसँग सम्वन्धित सुझाव कार्यान्वयन प्रगति सम्वन्धमा ।

श्री स्थानीय तहहरु – ७५३ (सबै)
सिंहदरवार, काठमाडौं ।

प्रस्तुत विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, अनुसन्धान महाशाखा नं. ४ को प.सं. ४ स्थानीय । ०७६ । ०७७ च.नं. ९५०० मिति २०७६।८।१५ को पत्रानुसार प्रदेश तथा स्थानीय तहहरुवाट पूर्वाधार विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाह लगायतका कार्यहरु गर्दा अनियमितता एवं भ्रष्टाचारजन्य क्रियाकलाप भएको भनी प्राप्त भएका उजुरीहरुको छानविन, अनुसन्धान र तहकिकात गर्दा देखिएका विभिन्न सवालहरुलाई विश्लेषण गरी सम्मानित आयोगवाट प्राप्त ६१ वुँदे सुझावहरु कार्यान्वयन गर्न गराउन यस मन्त्रालयको मिति २०७६।८।१५ च.नं. २३० को मन्त्रालयको वेभसाईट मार्फत प्रेपित पत्र विदितै होला ।

उक्त सुझावहरुको कार्यान्वयनको प्रगति सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०७७।३।२ च.नं. २१३९३ को पत्रानुसार माग भई आएको हुँदा आयोगको पत्रसाथ संलग्न ढाँचामा उक्त सुझावहरुको प्रगति १० (दश) दिन भित्र यस मन्त्रालयमा उपलब्ध गराउनु हुन निर्णयानुसार अनुरोध छ ।

शेखर निधि पौड्याल
शाखा अधिकृत

<u>वोधार्थ:</u>
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
अनुसन्धान महाशाखा नं. ४ ।

२२६३
०७७/३/११



Scanned with CamScanner

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टङ्गाल, काठमाडौं
अनुसन्धान महाशाखा नं. ४
अख्तियार दुरुपयोग अनुसन्धान आयोग २०४७

visit nepal 2020 Lifetime Experiences

पत्र संख्या - ४ स्थानीय।०७६।७७
चलानी नं - 29393

मिति:२०७७।०३।०२

सूचना तथा प्रविधि शाखा
दर्ता नं. 3६72
मिति 0७७।३।२

स्थानीय तह क्षमता विकास महाशाखा
दर्ता नं. 3६0
मिति: 3।6

विषयः स्थानीय तहसँग सम्बन्धित सुझाव कार्यान्वयन प्रगति सम्बन्धमा ।

**अत्यन्त जरुरी/गोप्य**

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

अख्तियार दुरूपयोग अनुसन्धान आयोग र मातहतका कार्यालयहरूमा प्रदेश तथा स्थानीय तह (गाउँपालिका र नगरपालिका)हरूवाट पूर्वाधार विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहलगायतका कार्यहरू गर्दा अनियमितता एवं भ्रष्टाचारजन्य क्रियाकलाप भएको भनी प्राप्त भएका उजुरीहरूको छानविन, अनुसन्धान र तहकिकात गर्दा देखिएका विभिन्न सवालहरूलाई अध्ययन विश्लेषण गरी यसैसाथ संलग्न वमोजिमका सुझावहरु अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ अनुसार कार्यान्वयन गर्न/गराउन आयोगको मिति २०७६/०८/१३ को निर्णयानुसार पठाइएको व्यहोरा तहाँ विदितै छ। आयोगवाट दिइएको सुझावहरुको कार्यान्वयन सम्वन्धमा संलग्न ढाँचा वमोजिम कार्यान्वयन प्रगति १५(पन्ध्र) दिनभित्र उपलब्ध गराइदिनुहुन मिति २०७७/०३/०१ को निर्णयानुसार अनुरोध छ।

पुनश्चः ६१ बुँदे सुझावहरु http://www.ciaa.gov.np/singlePublications/107 बाट पनि डाउनलोड गर्न सकिने र उक्त विषयमा आयोगको सम्पर्क नं. ०१५२६२१३७ मा सम्पर्क गरी थप बुझ्न सकिने व्यहोरा समेत अनुरोध छ।

(महेश पराजुली)
उपसचिव

श्री [illegible]

3।6

Scanned with CamScanner

## सुझाव कार्यान्वयन प्रगति पठाउने ढाँचा

| सि.नं. | सवालहरु | सुझाव कार्यान्वयनको अवस्था/प्रगति | कार्यान्वयनको क्रममा आइपरेका समस्याहरु | समस्या समाधान गर्न चाल्नु पर्ने कदमहरु |
|---|---|---|---|---|
| १ | बूँदा नं. १ को सम्बन्धमा | | | |
| २ | बूँदा नं. २ को सम्बन्धमा | | | |
| ३ | बूँदा नं. ३ को सम्बन्धमा | | | |
| ४ | बूँदा नं. ४ को सम्बन्धमा | | | |
| ५ | बूँदा नं. ५ को सम्बन्धमा | | | |
| ६ | बूँदा नं. ६ को सम्बन्धमा | | | |
| ७ | बूँदा नं. ७ को सम्बन्धमा | | | |
| ८ | बूँदा नं. ८ को सम्बन्धमा | | | |
| ९ | बूँदा नं. ९ को सम्बन्धमा | | | |
| १० | ................................... | | | |

नोटः माथि उल्लेख भए अनुसारको ढाँचामा बुँदा नं. १ देखि ६१ सम्मका सुझावहरुको प्रगति विवरण उपलब्ध गराइदिनहुन अनुरोध।